**अनुसूची - २**

(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

# भीरकोट राजपत्र

# भीरकोट नगरपालिकाद्धारा प्रकाशित

खण्ड १ संख्या ११ मितिः २०७५/०९/२४

**भाग-२**

**भीरकोट नगरपालिका**

## टोल विकास समिति संचालन कार्यविधि, २०७५

**नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०७५/०९/२४**

**प्रस्तावनाः**

सामुहिक प्रयासमा टोलको सामाजिक तथा आर्थिक विकास, स्थानीय स्तरमा सुशासन प्रर्वद्धन गर्न नगरपालिकाका वडा वस्तीहरुमा निश्चित भौगोलिक क्षेत्रभित्र रहेका सबै घरधुरी सदस्य रहने गरी स्थानिय स्तरमा वडा समितिको मातहत तथा सहयोगिको रुपमा रहने गरी तिनै समितिबाट सेवा सुविधाको पहुँच बढाउन बान्छनीय भएकाले, स्थानीय सरकार संचालन ऐन, २०७५ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी भीरकोट नगरकार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

भीरकोट नगरपालिका

**१. संक्षिप्त नाम र प्रारम्भः-**

क. यो कार्यविधिको नाम "टोल विकास समिति संचालन कार्यविधि, २०७५" रहेको छ ।

ख. यो कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरेको मिति देखी लागु हुनेछ ।

**२. परिभाषाः-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. "टोल विकास समिति" भन्नाले दफा ४ बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

ख. "टोल विकास समिति कार्यसमिति" भन्नाले दफा ३ "क" बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

ग. "सामुदायिक विकास अभियान" भन्नाले परिश्रम, स्वयंसेवा, सहकार्य र ईमान्दारीताका मुल्य र मान्यतामा आधारित अभियान कार्यक्रम भन्ने सम्झनु पर्दछ ।

घ. "पूर्ण सरसफाई उन्मुख अवस्था" भन्नाले सफा र स्वच्छ, पूर्ण सरसफाई उन्मुख दुवै चरणका सूचकहरु पुरा गरेपछि सम्बन्धित समितिबाट अनुमोदन एवं प्रमाणीकरण भएको अवस्थालाई जनाउँछ ।

ङ. "सामाजिक समावेशीकरण" भन्नाले समुदायका सबै लिङ्ग, जात, जाति, वर्ग, धर्म, व्यवसाय र सबै क्षेत्रका व्यक्तिको पहुँच रहेको अवस्था सम्झनु पर्दछ ।

**३. उद्देश्यः-** टोल विकास समिति गठन गर्नुका मुख्य उद्देश्यहरु निम्न अनुसार छन्:-

क. टोल वस्तीस्तरमा विभिन्न निकायहरुबाट प्रवाह हुने सेवामा टोलवासीको पहुँच अभिबृद्धि गर्ने ।

ख. टोलवासीहरुमा उद्यमसिलताको विकास गराई टोल स्तरमा लघुउद्यमको सृजना, विकास र प्रवर्द्धन गर्ने ।

ग. टोल वस्ती स्तरमा समानता, समताको भावना जागृत गराउने, आपसी सदभाव, समझदारी, समन्वय र मेलमिलाप कायम गराउने ।

घ. आर्थिक सामाजिक सवालमा सबै टोलवासीहरुलाई निर्णय प्रक्रियामा समान अवसर र अधिकार प्रदान गर्ने ।

ङ. टोलको सामाजिक कार्यमा पारदर्शिता कायम गरी सुशासनलाई बढवा दिने ।

भीमदत्त नगरपालिका

च. टोल/वस्तीस्तरमा सहभागितात्मक योजना तर्जुमा, अनुगमन एवं मूल्याङ्कन प्रकियामा सहयोग गर्ने ।

छ. टोलको समग्र विकास लगायत सामुदायिक विकास अभियानका कार्यक्रम कार्यान्वयनको लागि सक्रिय हुने ।

ज. वातावरण र सरसफाई, बालमैत्री नगर/वडा घोषणा, प्राङ्गरिक खेती बिस्तार, नश्ल सुधार, उद्यमसिलता विकासका अभियान संचालन गर्न वडा समितिलाई सहयोग गर्ने ।

झ. टोल विकास समितिमा रहेका सामुदायिक, सार्वजनिक स्थल, सम्पत्तिहरुको लगत राख्ने र राख्न लगाउने कार्यमा सहयोग गर्ने ।

४. **टोल विकास समितिको गठनः-** टोल विकास समितिको गठन देहाय बमोजिम हुनेछः

क. नगरपालिका क्षेत्रभित्रका टोल तहमा रहेका घरपरिवारका सदस्यहरुबाट टोल विकास समितिको गठन गरीनेछ। सामान्यता सम्बन्धित वडा बाट क्षेत्र विभाजन गरीएको क्षेत्रलाई आधार मानी एक घर एक सदस्य हुने गरी समावेशिताको आधारमा गठन गरीनेछ ।

ख. पहिलो पटकका लागि टोल विकास समिति गठन गर्दा समुदायको व्यापक भेलाबाट अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र सदस्य गरी अधिकतम १५ सदस्यीय एक कार्य समिति गठन हुनेछ । उक्त कार्य समितिमा न्यूनतम ३३ प्रतिशत महिलाको प्रतिनिधित्व गराउनु पर्नेछ ।यसरी गठन हुने समितिमा यथासंभव सबै वर्ग र समुदायको सामाजिक समावेसिकरण हुनेगरी प्रतिनिधित्व गराउनु पर्नेछ ।

ग. कार्य समितिका सदस्य बाहेक सम्वन्धित टोलका टोल विकास समितिमा आबद्ध भएका सबै घरधुरी समितिका सदस्य हुनेछन्।

घ. टोल विकास समितिका पदाधिकारीहरुको पदावधि ३ वर्षको हुनेछ । १ वर्ष पश्चात पुनः टोल भेलाको आयोजनामा टोल भेलाको सर्वसम्मत वा सो नभएमा वडा समितिको निर्णयबाट नेतृत्व परिर्वतन हुनेछ । एक पटक अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष भएको व्यक्ति पुनः सोहि पदमा ३ वर्षको अवधि व्यतित नभई निर्वाचित हुनेछैन ।

कार्यसमितिमा अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कुनै एक जना अनिवार्य रुपमा महिला हुनुपर्नेछ ।

५. **टोल विकास समितिको काम, कर्तव्य र अधिकारः-** टोल विकास समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. टोल भित्रका समस्याहरुको पहिचान गरी त्यसको सूची तयार गर्ने,

ख. आफ्नो टोलमा रहेका विद्यमान समस्याहरुको समाधान गर्नका लागि उपयुक्त उपायको पहिचान गरी आफ्नो टोलको समस्या आफैं समाधान गर्ने,

ग. टोलमा देखिएका सडक, खानेपानी, फोहोरमैला, सडक वत्ती, ढल निकासा, चोरी चाकरी लगायतका समस्याहरुको समाधान गर्न पहल गर्ने,

घ. टोलमा विद्यमान रहेका समस्याहरु टोल विकास समितिबाट समाधान हुन नसक्ने भएमा त्यसको कारण सहित वडा समितिमा पेश गर्ने,

ङ. नगरपालिकाबाट सम्बन्धित टोलमा संचालित हुने वा भएका आयोजनाहरु संचालन गर्नका लागि उपभोक्ता समितिको गठनमा, कार्यक्रमको कार्यान्वयनमा र त्यस्तो कार्य गुणस्तरीय रुपमा भए नभएको सम्बन्धमा निरीक्षण गरी त्यसमा हुने कमी कमजोरी देखिएमा त्यसलाई सुधार्नका लागि आवश्यक पहल तथा सहजीकरण गर्ने,

च. आफ्नो टोललाई पूर्ण सरसफाईयूक्त टोल बनाउन HIV/AIDS, अन्ध-विश्वास, वालविवाह, वहुविवाह, सामाजिक दुर्व्यसन लगायत सामाजिक विकृतिहरुको अन्त्य गर्नका लागि आवश्यक पहल गर्ने र त्यसका लागि जनचेतना कार्यक्रम संचालन गर्ने

छ. टोल भित्र रहेका सार्वजनिक जग्गाहरुको संरक्षण, प्रवर्द्धन र उपयोगमा नगरपालिकालाई सहयोग गर्ने

ज. नेपाल सरकार तथा नगरपालिकाले भवन निर्माण सडक लगायतका विषयमा तोकिएको मापदण्ड प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि नगरपालिकालाई सहयोग गर्ने

झ. नगरपालिका र टोल विकास समितिहरुको विचमा आपसी समझदारीका आधारमा संचालनमा हुने कार्यक्रमहरु सम्झौता अनुसार प्रभावकारी रुपमा कार्यान्वयन गर्ने

ञ. आफ्नो टोलको सरसफाईमा प्रतिकुल हुने गरि कसैले आफ्नो घरबाट उत्सर्जित फोहोर टोलबासीलाई असर पर्ने गरि फालेमा प्रचलित कानून बमोजिम कारवाहिको लागि नगरपालिकामा लेखि पठाउने

ट. नगरपालिकाबाट फोहोर मैला व्यवस्थापन/वितरण भएको डस्टविनहरुको संरक्षण गर्ने/गराउने

ठ. नगरपालिकाले तोके बमोजिम फोहोरहरुको अलग अलग वर्गिकरण गरि व्यवस्थापन गर्ने कार्यमा सहयोग गर्न

ड. आफ्नो टोल भित्र रहेका पशुपंक्षीहरुको एकिन विवरण तयार गरि वडा समिति समक्ष पेश गर्ने

ढ. आफ्नो टोल भित्र रहेका घरहरुको घर नं. राख्ने कार्यमा नगरपालिकालाई सहयोग गर्ने

ण. आफ्नो टोलमा बसोवास गर्ने सम्पूर्ण टोलवासीहरुलाई निर्णय, प्रक्रिया र श्रोतमा समान अधिकार प्रदान गर्ने।

त. विभिन्न सरकारी एवं गैर सरकारी निकायहरुसँग सुमधुर सम्बन्ध स्थापित गरी टोल विकासको लागि सहजिकरण गर्ने ।

थ. टोलमा उद्यम विकाससँग सम्बन्धित योजनाहरु संचालन गर्न आवश्यक सहजिकरण गर्ने ।

द. टोलको विकासका लागि विभिन्न श्रोतबाट प्राप्त श्रोतको उच्चतम सदुपयोग गर्ने ।

ध. टोलको सामुहिक समस्या पहिचान गरी प्राथमिकताका आधारमा टोल विकास योजना तर्जुमा गर्न वडा समितिलाई सहयोग गर्ने ।

न. टोलस्तरमा सरकारी तथा गैर सरकारी निकाय मार्फत संचालन भएका कार्यक्रमहरु टोल विकास समिति मार्फत संचालन हुने वातावरण श्रृजना गर्ने, त्यस्को अनुगमन तथा मुल्याङ्कन गर्ने ।

प. आफनो टोललाई सामुदायिक विकास अभियान सँग सम्बन्धित स्वास्थ्य तथा वातावरणमैत्री, बालमैत्री, अपाङ्गमैत्री, प्राङ्गगारिक खेती विस्तार, नश्ल सुधार, उद्यमशिलता बनाउने लगायतका कार्यक्रम संचालन गर्ने ।

फ. टोलमा रहेका सार्वजनिक, ऐलानी जग्गाको संरक्षण गर्ने/गराउने कार्यमा वडा समितिलाई सहयोग गर्ने ।

ब. फोहोरमैला व्यवस्थापन, बजार क्षेत्रको ढल निकास, नगरस्तरीय वस्ती विकास कार्यक्रम, छाडा चौपायको व्यवस्थापन लगायतका कार्यमा नगरपालिकासँग आवश्यक सहयोग र समन्वय गर्ने ।

६. **टोल विकास कार्य समितिको वैठकः-** टोल विकास समितिको बैठक देहाय बमोजिम हुनेछः

क. टोल विकास समितिका सदस्यहरुको हित एवं् समन्वयका लागि टोल विकास समितिको कार्य समितिको बैठक कम्तिमा वर्षको १ पटकमा नघट्ने गरी बस्नेछ ।

ख. समितिको वैठकमा आवश्यक्ता अनुसार सरोकारवालालाई आमन्त्रित गर्न सकिनेछ ।

ग. सचिवले समितिको वैठकको निर्णयहरु वैठक पुस्तिकामा लेखि उपस्थित सदस्यवाट प्रमाणित गर्नुपर्ने छ ।

घ. टोलभेला विषेश भेला संचालन गर्दा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको कम्तिमा दुई तिहाई उपस्थितिमा प्रमाणित भएको हुनपर्नेछ ।

७. **पुरस्कार, सम्मान र कदर**ः- टोल विकास समितिलाई वडा समिति वा नगरपालिकाले पुरस्कृत गर्न सकिनेछ ।

८. **अनुगमन तथा मूल्यांकनः-**

क. वडा समितिले आफ्नो क्षेत्र भित्रका टोल विकास समितिको नियमित रुपमा अनुगमन गरी प्राप्त कमी कमजोरीहरुको सुधारका लागि आवश्यक सुझावहरु दिनुका साथै कमि कमजोरीमा सुधार नआए टोल विकास समिति पुर्नगठन वा खारेजीको लागि नगर कार्य समितिमा पठाउन सक्ने छ ।

ख. नगरपालिकाले समग्र नगर क्षेत्र भित्रको टोल विकास समितिहरुको आवश्यकता अनुसार अनुगमन गर्नुका साथै वडा समिति वा टोल विकास समितिहरुलाई पृष्ठपोषण गर्न सक्नेछ।

९. **संसोधनः-** यस कार्यविधिलाई व्यवस्थित र प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यकता अनुसार नगर कार्यपालिकाले संसोधन वा खारेज गर्न सक्नेछ ।

भीरकोट नगरपालिका

**१०. विविधः-**

क. नगरपालिका भित्रका सम्पूर्ण वडाहरुमा गठन भएका टोल विकास संस्थाका पदाधिकारीहरुको सहभागितामा नगरपालिकाले नगरस्तरीय समिति वनाउन सक्नेछ ।

ख. यस कार्यविधिको कार्यसम्पादनका क्रममा कुन समस्या परेमा त्यसको समाधान नगर कार्यपालिकाको निर्णयानुसार हुनेछ ।

ग. यस कार्यविधि अनुसार गठन हुने टोल विकास समितिको नमूना अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ।

घ. नजिकका टोल विकास समितिहरुले एकाआपसमा सहकार्य, समन्वय तथा साझेदारीका आधारमा कुनै काम गर्नु परेमा नगरपालिकाले आवश्यक समन्वय गर्नेछ ।

ङ. आफ्नो टोलभित्र निर्माणाधिन र निर्माण सम्पन्न भएका सामूदायिक तथा सार्वजनिक भवन, शौचालय, प्रतिक्षालयजस्ता सार्वजनिक सम्पत्तीहरुको रेखदेख र संरक्षण गर्ने कार्यमा नगरपालिकालाई सहयोग गर्ने ।

च. नगरसभाबाट तोकिए बमोजिमको व्यवसाय दर्ता शुल्क, खानेपानी शुल्क, फोहोरमैला व्यवस्थापन शुल्कहरु टोल विकास समितिहरुसँग सम्झौता गरी उठाउन सकिनेछ । यसरी उठाएको निश्चित प्रतिशत रकम टोल विकास समितिलाई उपलब्ध गराइने छ ।

**आज्ञाले**

**धर्म राज ढुंगाना**

**प्रमुख प्रशासकीय अधिकृत**

भीरकोट नगरपालिका